फोन नं. : ०८२-५४००५०
०८२-५४०८३९

# लमही नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

लमही,दाङ
५नं.प्रदेश, नेपाल

प.सं : २०७६।०७७ च.नं : ३११० मिति : २०७७।०२।०८

**विषय : नीति, कार्यक्रम तथा योजना पठाउने सम्वन्धमा ।**

**श्री वडा कार्यालयहरु सबै, लमही नगरपालिका ।**
**श्री लमही अस्पताल, लमही ।**
**श्री सम्पूर्ण शाखा, उपशाखा, इकाईहरु, लमही नगरपालिका, नगर कार्यपालिको कार्यालय ।**

प्रस्तुत विषयमा यस लमही नगरपालिकाको आगामी आर्थिक बर्ष २०७७०७८ को बार्षिक नीति तथा कार्यक्रम र बजेट तयार गर्ने सिलसिलामा तहाँ कार्यालय तथा शाखा, उपशाखा र इकाई बाट चालू आ.ब.मा भएको प्रगति विवरणको साथमा आगामी आ.ब.को लागि प्रस्तावित नीति तथा कार्यक्रममा राख्नुपर्ने विषय र आगामी आ.ब.को बजेटमा समावेश गर्नु पर्ने कार्यक्रम र योजनाहरु छनौट गरी प्राथिमिकीकरण समेत गरी मिति २०७७।०२।१५ गते भित्रमा पठाउनु हुन अनुरोध छ । साथै नीति, कार्यक्रम र योजना तर्जूमा सम्वन्धी निर्देशन पाना-४ समेत यसै साथ संलग्न राखी पठाइएको व्यहोरा अनुरोध छ ।

**टोपेन्द्र बहादुर के.सी.**
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

लमही नगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

लमही, दाङ्ग

५ नं. प्रदेश, नेपाल

## आ. व. २०७७/०७८ को योजना तर्जुमा सम्बन्धी निर्देशन

१. योजना तर्जुमा गर्दा कोभिड -१९ संकटले पारेका समस्या समाधानमा केन्द्रित गर्नु पर्नेछ ।

२. कृषि तथा पशु सेवा विकास, स्वास्थ्य सेवा, शिक्षा, सिंचाई, खानेपानी र स्थानीय अर्थतन्त्र विकास, गरिबी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने, उत्पादन मुलक, जनताको जीवनस्तर र रोजगारी प्रर्बधन गर्ने, पिछिडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता र दिगो विकास सघाउ पुऱ्याउने कार्यक्रममा विशेष प्राथमिकता दिनु पर्नेछ ।

३. साना/ फुटकर योजनामा भन्दा ठूला र मझौला खालका योजना र कार्यक्रममा प्राथमिकता दिनु पर्नेछ ।

४. चालु आं.व मा शुरु हुन नसकेका र सम्पन्न हुन नसकेका पूर्वाधार तर्फका योजनाहरुलाई प्राथामिकताका साथ समावेश गर्नु पर्नेछ ।

५. बजेटको आकारमा संघ र प्रदेशबाट प्राप्त हुने राजस्व बाडफाँटमा करिब १० प्रतिशत र स्थानीय आन्तरिक श्रोत तर्फ करिव ५० प्रतिशत कमी हुने भएकोले यसलाई मध्य नजर गरेर कार्यक्रम तथा बजेट निर्माण गर्नु पर्नेछ ।

६. प्रशासनिक र सञ्चालन खर्चमा कटौती गर्दै, पुंजीगत खर्चमा वृद्धि गर्ने तर्फ केन्द्रित हुनु पर्नेछ ।

७. बैठक भत्ता, अनुगमन भत्ता, भ्रमण भत्ता, तालिम खर्च, खाजा तथा खाना खर्च र अन्य फजुल खर्च हुने शिर्षकमा बजेट कटौती गर्नु पर्नेछ ।

नगर कार्यपालिकाको कार्यालय
लमही, दाङ
५ नं. प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

८. अत्यावश्यक प्रशासनिक र प्राविधिक सेवा खर्च बाहेक अन्य सञ्चालन खर्चमा समेत कटौती गर्नु पर्नेछ ।

९. कानुन बमोजिम स्थानीय प्राकृतिक श्रोत बिक्री वितरण गरी आन्तरिक आम्दानी वृद्धि गर्ने तर्फ केन्द्रित हुनु पर्नेछ ।

१०. अति आवश्यक बाहेकको कर्मचारी जनशक्ति कटौति गर्ने तर्फ केन्द्रित हुनु पर्नेछ ।

११. आ. व. २०७७/०७८ को नीति, कार्यक्रम र बजेट तर्जुमा गर्दा "अनुसूची १" बमोजिम आ. व. २०७६/०७७ को गम्भीर समिक्षा गरी हरेक वडा, समिति, शाखा र उपशाखाले जेठ १५ सम्म पेश गर्नु पर्नेछ ।

१२. आ. व. २०७६/०७७ को वस्तुपरक गम्भीर समिक्षा गरी "अनुसूची २" अनुसार आगामी आ. व. २०७७/०७८ को निति, कार्यक्रम र बजेट प्रस्ताव गरी यही जेठ १५ सम्ममा पेश गर्नु पर्नेछ ।

१३. नव प्रवर्तन (Innovative) सोच विकास, जन सहभागिता (नगद तथा श्रमदान ) रहने खालका आयोजनामा स्पष्ट खुलाई पेश गर्नु पर्नेछ ।

१४. आगामी आ.व.को लागि वडा कार्यालय, शाखा, उपशाखाको लागि प्राप्त हुने बजेट सिमा निर्धारण गरिसके पश्चात सिलिङ्ग उपलब्ध गराईनेछ । साथै सबै वडा कार्यालयहरुले बस्ती/टोलस्तरबाट योजना छनौट गरी पेश गर्नु पर्नेछ ।

१५. माथि उल्लेखित विषय बाहेक थप ज्यादै महत्वपूर्ण विषय भएमा सो समेत उल्लेख गरी यहि जेठ १५ गते भित्रमा पेश गरी सक्नु पर्नेछ । साथै योजना छनौट प्राथमिकता क्रमानुसार हुनु पर्नेछ ।

नगर कार्यपालिकाको कार्यालय
लमही, दाङ
५ नं. प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची - १

लमही नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
लमही, दाङ्ग
५ नं. प्रदेश, नेपाल

नगर कार्यपालिकाको कार्यालय लमही, दाङ ५ नं. प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

**आ. व. २०७६/०७७ को समिक्षा प्रतिवेदन**

१. वडा, शाखा, उपशाखाको नाम :-......................................................................................................................

२. संविधान, स्थानीय सरकार ऐन, स्थानीय र अन्य ऐन अनुसारको कार्यविवरणहरु :-..........................................................................

३. जनशक्ति विवरण :-.....................................................................................................................................................

| क.सं. | आ.व. २०७६/०७७ को नीतिहरु | आ.व. २०७६/०७७ को कार्यक्रमको नाम | निति तथा कार्यक्रम कार्यान्वयनबाट भएको प्रगति, उपलब्धी | खर्च | | | राजश्वमा योगदान | दिगो विकासमा पुऱ्याएको योगदान |
|---|---|---|---|---|---|---|---|---|
| | | | | तलब भत्ता | कार्यक्रम तथा पुजीगत | जम्मा | | |
| १. | | | | | | | | |
| २. | | | | | | | | |
| ३. | | | | | | | | |
| ४. | | | | | | | | |
| ५. | | | | | | | | |
| ६. | | | | | | | | |
| ७. | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

Scanned with CamScanner

**अनुसूची - २**

लमही नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
लमही, दाङ्ग
५ नं. प्रदेश, नेपाल

नगर कार्यपालिकाको कार्यालय लमही, दाङ ५ नं. प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

### आ. व. २०७७/०७८ को कार्य जिम्मेवारी, प्रस्तावित नीति, कार्यक्रक, बजेट र जनशक्ति विवरण

१. वडा/शाखा/ उपशाखाको नाम :-.........................................................................................

२. वडा/शाखा/ उपशाखाको नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, स्थानीय ऐन/ नियम/ कार्यविधि र अन्य तोकिए बमोजिमको कार्य विवरणहरु :-

| क्र.सं. | प्रस्तावित नीतिहरु | प्रस्तावित कार्यक्रमहरु /योजनाहरु | दिगो विकास लक्ष्यमा योगदान | प्रस्तावित खर्च | | | प्रस्तावित राजश्व संकलनमा लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | तलब | सञ्चालन खर्च | कार्यक्रम तथा पुजीगत खर्च | | |
| १. | | | | | | | | |
| २. | | | | | | | | |
| ३. | | | | | | | | |
| ४. | | | | | | | | |
| ५. | | | | | | | | |